नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं.:-
च. नं.:-

सिंहदरबार, काठमाण्डौ ।

**प्रेस विज्ञप्ति**

मितिः २०७१।९।२२

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)**
**र**
**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (LDTA) बीच सामाजिक परिचालन कार्यक्रमको राष्ट्रिय सेवा प्रदायकको रुपमा कार्य गर्ने सम्बन्धमा भएको सम्झौता**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान बीच सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि राष्ट्रिय सेवा प्रदायकको रुपमा कार्यगर्न मिति २०७१।९।२२ मा सम्झौता सम्पन्न गरीएकोछ। सम्झौताको अवधि २०७४ आषाढ मसान्तसम्म रहने छ।

सामाजिक परिचालनका क्षेत्रमा आवश्यक सल्लाह सुझाव दिन, नीतिगत निर्णयहरुमा सहयोग पुर्याउन, गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति तथा स्थानीय सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्न, सामाजिक परिचालन सम्बन्धी तालीम दिग्दर्शन, हाते पुस्तिका आदि सामाग्रीहरु तयार गर्न तथा सामाजिक परिचालन कार्यक्रमको समग्र व्यवस्थापनमा सहयोग गर्ने गरी राष्ट्रिय सेवा प्रदायकको रुपमा परिचालन गरिनेछ।

राष्ट्रिय सेवा प्रदायक मार्फत सामाजिक परिचालन कार्यक्रमलाई जिल्ला तथा नगरपालिकामा रहेका समितिहरुको पहल र संयोजकत्वमा स्थानीयस्तरमा अन्य संघसंस्थाले सञ्चालन गरेका यस्तै कार्यक्रमहरुसँग एकरुपता कायम गरिनेछ । यसको उद्देश्य सामाजिक परिचालन कार्यमा संलग्न सरोकारवाला निकायको क्षमता विकास गरी स्थानीयस्तरमा यो कार्यक्रमलाई सशक्त बनाउदै, उनीहरुको अनुगमन गर्ने, संयोजन गर्ने र जिल्लामा सञ्चालित सबै सामाजिक परिचालनका कार्यहरुलाई निर्देशित गर्ने कार्यलाई सवल बनाउनु रहेको छ। यी सबै कार्यका लागि राष्ट्रिय सेवा प्रदायकले परिमार्जित सामाजिक परिचालनको विधि र प्रक्रिया तथा त्यसको गुणस्तरको समेत सुनिश्चितता गरी कार्य संचालन गर्ने छ।

फोन नं.: ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ९७७-०१-४२००३२६, ईमेलः lgcdp@wlink.com.np, वेब पेजः www.lgcdp.gov.np